नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep #३३

# कोरोनाभाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

बुधबार | २८ फाल्गुन २०७६ (११ मार्च २०२०)

कोभिड-१९ पहिलो केस पौष १५ गते चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो । फागुन २७ गते सम्ममा यो रोग ११३७०२ जनामा फैलीसकेको छ भने यस रोगका कारण ४०१२ (चीनमा मात्र ३१४०) जनाको मृत्यु भैसकेको छ । यो रोग चीनबाहिर १०९ वटा अन्य देश/ क्षेत्रहरूमा देखिएको छ ।

## कोभिड-२०१९ सम्बन्धी विश्वव्यापी स्थिति:

| कोभिड-१९ केसहरू | २७ फागुन २०७६ सम्ममा कुल जम्मा | नयाँ केसहरू | |
|---|---|---|---|
| | | २६ फागुन | २७ फागुन |
| **विश्वव्यापी** | | | |
| पुष्टी भएका केसहरू | ११३७०२ | ३९९३ | ४१२५ |
| मृत्यु | ४०१२ | २२५ | २०३ |
| **चीन** *(Includes Hong Kong SAR, Macao SAR and Taipei and environs)* | | | |
| पुष्टी भएका केसहरू | ८०९२४ | ४५ | २० |
| मृत्यु | ३१४० | २३ | १७ |
| **चीन बाहिर** | | | |
| पुष्टी भएका केसहरू | ३२७७८ | ३९४८ | ४१०५ |
| मृत्यु | ८७२ | २०२ | १८६ |
| कोभिड-१९ को रिपोर्ट भएका देश/ क्षेत्रहरू | १०९ | ३ (बंगलादेश, अल्बानिया, पाराग्वे) | ५ |

श्रोत: विश्व स्वास्थ्य संगठनको रिपोर्ट नं. ४९ र ५०

मिति २०७६ माघ १६ गते, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । यद्यपी अन्तराष्ट्रिय यात्रा र व्यापारमा कुनैपनि प्रतिबन्ध सिफारिस गरिएको छैन ।

## COVID-19 का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

| जम्मा परिक्षण | नेगेटिभ | पोजेटिभ |
|---|---|---|
| ४४७ | ४४६ | १* |

(२८ फाल्गुन २०७६ सम्ममा, ४:०० बजे) सम्म

## मुख्य प्रतिकार्यहरू:

- सर्वसाधारणको सुविधाका लागि कोरोना भाइरस रोग तथा सो को निदान एवम् उपचार सम्बन्धी विहान ८:०० बजे देखि बेलुका ८:०० बजेसम्म परामर्श प्रदान गर्न हटलाईन सेवा **९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४** तोकिएको छ ।

### स्क्रिनिङ् तथा निगरानी - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल

- थप जनशक्ति तथा उपकरणको व्यवस्था गरिएको छ ।
- विमानस्थलमा संक्रमण रोकथामका लागि नियमित रूपमा औषधिसहितको स्प्रे (DISINFECTANT-SPRAY) गर्ने कार्य भैरहेको छ ।

- कोभिड-१९ का संकास्पद बिरामीहरुको व्यवस्थापनका लागि प्रदेश स्तरमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहहरुसंगको समन्वयमा पुर्व तयारीका विविध क्रियाकलापहरु संचालन भै रहेका छन् ।
- छिमेकी मुलुकसंगका ४३ वटा स्थलगत नाकाहरूमा हेल्थ डेस्कको स्थापना गरी स्वास्थ्य परिक्षणको व्यवस्था गरी कार्य भैरहेको छ ।

| प्रदेश | संख्या |
|---|---|
| १ | ४ |
| २ | १७ |
| बागमती | २ |
| गण्डकी | १ |
| ५ | १० |
| कर्णाली | ४ |
| सुदुरपस्चिम | ५ |
| **जम्मा** | ४३ |

- कोभिड-१९ को Local transmission भएका देशहरूबाट हवाइ मार्ग हुँदै नेपाल आउने यात्रुहरुलाई अनिवार्य रुपमा self quarantine फारम भर्ने र विमानस्थल स्थित अध्यागमन डेस्क तथा तोकिएका अस्पतालहरूमा बुझाउने व्यवस्था मिलाइएको छ
- संचार तथा सूचना प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागको संयुक्त आयोजनामा संचारकर्मीहरूसंग अन्तरक्रिया कार्यक्रम आयोजना गरी कोभिड-१९ को तयारी एवं प्रतिकार्यमा भइरहेका कामहरूको बारे जानकारी गराउनुका साथै संचारमाध्यमहरूमा तथ्यपरक र यथार्थ सन्देशहरु मात्र प्रसारण गरिदिनुहुन अनुरोध गरीयो ।
- सम्पूर्ण सरोकारवालाहरू, बिषय जानकारहरू, समस्त मिडियाकर्मीहरू लगायत सम्बद्ध सबैलाई आ-आफ्नो तर्फबाट भइरहेको सहयोगको निरन्तरताको लागि अनुरोध गर्दै यस संक्रमण रोकथामका लागि सचेत रही मन्त्रालयले सिफारिस गरेका उपायहरूको अवलम्बन गर्न सबैमा अनुरोध गरिन्छ ।

## COVID-19 सम्बन्धी श्रोत एवं सामाग्रीहरू:

- COVID-19 सम्बन्धी श्रोतहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ HEOC वा EDCD को वेब पोर्टल/ सामाजिक संजालमा उपलब्ध छ ।

**थप विवरणका लागि तल बक्समा क्लिक गर्नुहोस:**

**COVID-19 IEC** | **Press Release MoHP** | **Technical Guidance**

**HUB Hospitals** | **Audio Visual PSAs** | **Contacts**

**स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्र**
**फोन:** ०१-४२५०८४५,
**फ्याक्स:** ०१-४२५०८४२,
**ईमेल:** heocmohp@gmail.com,**वेब:** heoc.mohp.gov.np,
**fb:**fb.com/HEOC

**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा**
**फोन:** ०१-४२५५७९६,
**फ्याक्स:** ०१-४१००२६६,
**ईमेल:** ewarsedcd@gmail.com,**वेब:** edcd.gov.np,
**fb:** fb.com/edcdnepal

"सामाजिक सन्जाल एवम आम सन्चार माध्यमबाट तथ्यपरक र यथार्थ सन्देशहरु प्रसारण गरिदिनुहुन अनुरोध छ ।"